# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०४।३२ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

-------------------------------------------------

नेपाल विद्युत प्राधिकरण, दुहवी वितरण केन्द्र, सुनसरीमा कार्यरत फोरमेन (चौथो तह) गोविन्द न्यौपानेले नयाँ मिटर जडान गर्ने प्रयोजनका लागि सेवाग्राहीसँग विभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय ईटहरीबाट खटिई गएको टोलीले निजलाई रु.३०,०००/- (तीस हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा, निजलाई बिगो रु.३०,०००/- (तीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफा र उपदफाको देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता